As-Sunnah College

# प्राकृतिक सुन्नतहरु

## अल्लाहले मानिसहरूलाई प्रदान गर्नुभएको गुणहरू)

मुख्य रूपले मानिसहरूको एउटा आकर्षण र आवश्यकता हुन्छ, जसलाई उसको वरपर बस्नेहरु प्रभावित गर्दैनन्, जस्तो कि नबी (स.) ले प्रमाणिक हदीसहरुमा भन्नुभएको छ।

| अल-सुन्ना = गर्ने कार्य | धार्मिक नीति नियम | अल-तारीफ = परिभाषा, व्याख्या |
|---|---|---|
| (१) जुँगा काट्नु | सुन्नत हो, सफाचट काट्नु मकरुह (मन नपराउने) हो | जुँगा काटेर घटाउनु र ओठको किनाराहरू नदेखिएसम्म काट्नु सुन्नत हो। |
| (२) दाह्री बढाउनु | वाजिब(अनिवार्य) हो | दाह्री काट्नु हराम(अबैध) हो, किनभने यस्तो गर्दा नबी (स.) को आदेश दाह्री छाड्नु र दाह्री बढ्न दिनु को विरोध गर्दै छ। |
| (३) दाँत माझ्नु | सुन्नते मुअक्कदह (धैरै नै राम्रो) हो | दाँत सफा गर्न अरक र उस्तै को प्रयोग गर्नु, यो जहिले पनि सुन्नत हो,र धैरै नै राम्रो कार्य हो नमाज पढ्दा, घर व मस्जिदमा प्रवेश गर्दा, कुरान पढ्दा, निद्राबाट उठ्दा, मृत्युको समयमा, र मुखको गन्ध परिवर्तन गर्न को लागि |
| (४) नाकमा पानी हाल्नु | वजुका सुन्नतहरु मध्ये एक हो | नाकमा पानी हालेर नाक धुने र पानी बाहिर निकाल्ने। |
| (५) नङ काट्नु | सुन्नत हो,तर चालिस दिन ढिलो नगर्नु | नङहरू काट्नुहोस् किनभने तिनीहरूलाई छोड्दा तिनीहरूको मुनि फोहोर जम्मा हुने छ। |
| (६) औंलाहरूको जोर्नी धुनु | सुन्नत हो | फोहोर जम्मा हुने ठाउँ जस्तो कि औंलाहरूका नङहरु र गाँठहरूलाई सफा गर्ने। |
| (७) काख मुनिको कपाल फ्याँक्नु | सुन्नत हो,तर चालिस दिन ढिलो नगर्नु | र यस्को मतलव काख भित्रको कपाल हटाउने हो, चाहे ती उखेल्ने, काट्ने, वा अन्य चीजहरू द्वारा हटाउने, किनकी यसले गर्दा सफाइ हुन्छ र अप्रिय गन्धहरू खत्म हुनेछ। |
| (८) गुप्तांग को कपाल काट्ने | सुन्नत हो,तर चालिस दिन ढिलो नगर्नु | गुप्तांग वरिपरिको कपाल हटाउनको लागि औद्योगिक सामाग्रीहरू पनि प्रयोग गर्न सकिन्छ। |
| (९) गुप्तांगलाई पानीले सफा गर्नु | यो दिसा पिसाब को बानी मध्ये एक हो | दिसा पिसाब गरिसकेपछि गुप्तांग र गुप्तांगको वरिपरिलाई पानी अथवा कुनै वस्तुले सफा गर्ने। |
| (१०) कुल्ला गर्नु | वजुका सुन्नतहरु मध्ये एक हो | मुख भित्र पानी हालेर धुने र पानी बाहिर निकाल्ने। |

आइशा (र.) ले भनिन् कि अल्लाहका रसुल (ﷺ) ले भन्नुभयो: प्राकृतिक अनुसार दश कामहरू छन्: जुँगा काट्नु, दाह्री बढ्न दिनु, दाँत माझ्नु, नाकमा पानी हाल्नु, नङ काट्नु, औंलाको जोर्नी धुनु, काख मुनिका कपाल फ्याँक्नु, गुप्तांगको कपाल फ्याँक्नु, र गोप्य भागलाई पानीले सफा गर्नु, जकरियाले भने कि मुस्अबले भन्नुभए: मैले दशौं बिर्सेको छु, तर मुख कुल्ला गरिरहेको हुन सक्छ,कुतैबाले वकीअको भनाईलाई थपे कि वकिअले भने "पानी हाल्नु अर्थात् इसतिनजा गर्नु हो। (मुस्लिम)

| | | |
|---|---|---|
| (११) खतना | पुरुषहरूका लागि आनिवार्य र महिलाहरुको लागि यदि आवश्यकता छ भने सुन्नत हो | र यसको मतलब पुरुषको लिङ्ग र महिलाको योनी ढाक्ने छालालाई काट्नु हो,ताकि यसमा फोहोर जम्मा नहोस्,र पिशाब गर्न सजिलो होस्, |

अबूहुरैरह बाट वर्णन गरिएको छ कि अल्लाहका रसुल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो:"प्राकृतिक अनुसार पाँचवटा कामहरू छन्: खतना, गुप्तांगको कपाल काट्ने, बगलको रौं उखेल्ने, नङ काट्ने र जुँगा काट्ने"( बखारी मुस्लिम)

स्रोत = फतहुल मोईन फी तकरिबे मनहजुस्सालकिन व तोजिहुल फिक्ह फिद्दीन" शैख हैथम सरहानद्वारा (अल्लाह उहाँको रक्षा गरून्)। पहिलो संस्करण १४४२

संवादको लागि : https://alsarhaan.com